# पुतलीबजार नगरपालिका स्याङ्जा

## कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन २०७८

## स्थानीय राजपत्र

पारित मिति : २०७८/०३/११

प्रकाशित मिति : २०७८/०३/१३

खण्ड : ५ भाग :१ संख्या : ८

## पुतलीबजार नगरपालिका स्याङ्जा

## कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको ऐन, २०७८

कर्मचारी समायोजन ऐन २०७५ बमोजिम पुतलीबजार नगरपालिकामा सेवारत स्थायी कर्मचारी तथा अन्य सेवाबाट समायोजन भई पुतलीबजार नगरपालिकामा कामकाज गर्न खटाइएका कर्मचारीहरु समायोजन हुँदा तहवृद्धि हुन नसकेको तथा कर्मचारी समायोजन ऐन बमोजिम विभिन्न सरकारी निकायबाट यस नगरपालिकामा समायोजन भएका सरकारी सेवाका कर्मचारीहरुको सेवा अवधिको कारण तहवृद्धि हुन नसकी वृति विकास अवरुद्ध भई कर्मचारीको कार्यसम्पादन तथा समग्र नगरपालिकाको कार्यसम्पादनमा समेत असर परेकोले यस नगरपालिकामा साविक देखि स्थायी नियुक्ती भई कामकाज गरी रहेका, अन्य सरकारी सेवाबाट तथा अन्य स्थानीय निकायबाट सरुवा, समायोजन तथा पदस्थापन भएका कर्मचारीहरुको तहवृद्धि एवं तलबवृद्धि सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नगरपालिकाको नवौं नगर सभाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो ऐन बनाएको छ ।

**१.** संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम “कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८“ रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) “ऐन“ भन्नाले पुतलीबजार नगरपालिकामा कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८ लाई सम्झनु पर्दछ ।

(ख) “कर्मचारी“ भन्नाले कर्मचारी समायोजन ऐन २०७५ जारी हुँदाका बखत पुतलीबजार नगरपालिकाको स्थायी सेवामा कार्यरत कर्मचारी, समायोजनका क्रममा सरकारी सेवाबाट तथा अन्य स्थानीय तहबाट समायोजन भई यस नगरपालिकामा कामकाज गर्न खटाईएका र कर्मचारी समायोजन हुँदाका बखत तहवृद्धि नभई यस नगरपालिकामा समायोजन भएका सरकारी तथा अन्य सेवाका स्थायी कर्मचारीलाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका“ भन्नाले पुतलीबजार नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) “नगर सभा“ भन्नाले पुतलीबजार नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत“ भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) “स्थानीय सेवा“ भन्नाले कर्मचारी समायोजन ऐन २०७५ जारी हुँदाका बखत पुतलीबजार नगरपालिकाको स्थायी सेवामा कार्यरत कर्मचारी, समायोजनका क्रममा सरकारी सेवाबाट तथा अन्य स्थानीय तहबाट समायोजन भई यस नगरपालिकामा कामकाज गर्न खटाईएका सरकारी तथा अन्य सेवाका स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्दछ ।

(छ) “नगरपालिका“ भन्नाले पुतलीबजार नगरपालिकालाई सम्झनु पर्दछ ।

(ज) “स्थानीय कानुन“ भन्नाले पुतलीबजार नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्दछ ।

**३.** स्थानीय सेवाका कर्मचारी बढुवा गर्ने : (१) साविकको स्थानीय निकायको रुपमा पुतलीबजार नगरपालिकाको सेवामा स्थायी रुपमा सेवा प्रवेश गरेका कर्मचारी वा कर्मचारी समायोजनको क्रममा सरकारी सेवाबाट तथा अन्य स्थानीय निकायमा स्थायी नियुक्ति भई यस नगरपालिकामा तहवृद्धि नभई सरुवा, समायोजन, पदस्थापन भएका र यो ऐन जारी हुँदाका बखत नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको उपदफा (२) बमोजिम बढुवा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बढुवा गर्दा कर्मचारी हाल कार्यरत तहमा पाँच वर्ष सेवा अवधि पुरा गरेको र हाल कार्यरत तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेको कर्मचारीलाई देहाय बमोजिम बढुवा गरिनेछ :-

| क्र. स. | हालको तह | बढुवा पछि कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १ | सहायकस्तर चौथो तह | सहायकस्तर पाँचौ तह | सहायकस्तर पाँचौ | |
| २ | सहायकस्तर पाँचौ तह | अधिकृतस्तर छैटौं तह | अधिकृतस्तर छैटौं | |
| ३ | अधिकृतस्तर छैटौ तह | अधिकृतस्तर सातौं तह | अधिकृतस्तर सातौं | |
| ४ | अधिकृतस्तर सातौ तह | अधिकृतस्तर आठौं तह | अधिकृतस्तर आठौं | |

(३) यो ऐन लागु हुँदाका बखत कुनै कर्मचारीको हाल कार्यरत तहको सेवा अवधि पाँच वर्ष भन्दा कम रहेछ भने निजलाई निजले खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप पाउने गरी ग्रेड मिलान गरिनेछ ।

यस उपदफामा जुनसुकै कुरा लेखिएको भएतापनि यस उपदफा बमोजिम थप ग्रेड पाएको कर्मचारी उपदफा (८) बमोजिम एक पटकको लागि तहवृद्धि हुन बाधा पुगेको मानिने छैन ।

(४) कुनै कर्मचारीले हाल कार्यरत तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हाँसिल नगरेको कारण उपदफा (२) बमोजिम बढुवा हुन नसकेमा निजले खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप पाउने गरी ग्रेड मिलान गरिनेछ ।

(५) श्रेणीविहीन कर्मचारीलाई निजले खाईपाई आएको ग्रेडमा दुई ग्रेड थप पाउने गरी ग्रेड मिलान गरिनेछ ।

(६) यस दफा बमोजिम नगरपालिकाको स्थानीय सेवाका कार्मचारी बढुवा गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३), (४) र (५) बमोजिम थप गरिएको ग्रेड त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी हुने भएमा त्यसरी थप भएको ग्रेड समेत दिइनेछ ।

(८) उपदफा (२) बमोजिमको सेवा अवधि पुरा नभएको कुनै कर्मचारी यस ऐनमा तोकिएको सेवा अवधि पुरा हुँदाका बखत एकपटकका लागि यस ऐन बमोजिम बढुवा हुन सक्नेछ ।

**४.** बढुवा पत्र दिने : (१) यस ऐन बमोजिम बढुवा भएपश्चात् नगरपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले बढुवा भएको पत्र दिनेछ ।
(२) उपदफा (१) बमोजिम दिइने पत्र अनुसूची-१ बमोजिमको हुनेछ ।

**५.** दरबन्दी कायम गरिने : दफा ३ बमोजिम बढुवा भएका नगरपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई बढुवा पश्चात पदस्थापना गर्नु अघि स्वतः पुल दरबन्दी कायम भएको मानिने छ । यसरी बढुवा भई पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई समायोजन गर्नु पूर्वको पदले सम्पादन गर्ने कामकाजमा लगाउन बाधा पुगेको मानिने छैन ।

६. पदस्थापना गरिने : दफा ३ बमोजिम बढुवा भएका नगरपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाइ नगरपालिकाको स्वीकृत संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण अनुसारका दरबन्दीमा उपयुक्त समूह तथा उपसमुहमा पदस्थापना गरिनेछ ।

७. बढुवा भएका कर्मचारीको सेवा सुविधा : यस ऐन वमोजिम बढुवा भएका स्थानीय सेवाका कर्मचारीहरुको तलब तथा अन्य सुविधा प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

८. जेष्ठताको गणना : यस ऐन बमोजिम बढुवा हुने कर्मचारीहरुको जेष्ठता बढुवा भएको मिति देखि गणना गरिनेछ ।

९. समूह मिलान सम्बन्धी व्यवस्था : कर्मचारी समायोजन हुँदाका बखत विभिन्न सरकारी सेवा, यस नगरपालिकामा साविकमा कामकाज गरी रहेका तथा अन्य स्थानीय तहबाट समायोजन भई आएका कर्मचारीको साविकको सेवा/समूह नगरपालिकाको स्वीकृत संगठन संरचना तथा दरबन्दीको सेवा तथा समूहसंग मिल्दो पद नभई निजले समूह मिलानको लागि निवेदन दिएमा एक पटकको लागि नगर कार्यपालिकाले निजले सम्पादन गरी आएको कार्य, नगरपालिकाको आवश्यकता, र स्वीकृत संगठन संरचना तथा दरबन्दी समेतको अध्ययन गरी आवश्यकता अनुसार मिल्दो समूहमा मिलान गर्न सक्नेछ ।

१०. पदनाम सम्बन्धी व्यवस्था : कर्मचारी समायोजन हुँदाका बखत विभिन्न सरकारी सेवा, यस नगरपालिकामा साविकमा कामकाज गरी रहेका तथा अन्य स्थानीय तहबाट समायोजन भई आएका कर्मचारीहरुको पदनामको सम्बन्धमा नगरपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसारको पदनाम कायम गरिनेछ ।

११. आवश्यक व्यवस्था मिलाउने : यस ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यस ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसूची १

दफा ४ को उपदफा (२) सँग सम्बन्धित

बढुवा पत्र

पत्र संख्याः
चलानी नं.

**महाशय,** **मितिः**

विषयः बढुवा नियुक्ति ।

पुतलीबजार नगरपालिकाकाका “कर्मचारीहरुको व्यवस्थापन गर्न वनेको ऐन, २०७८” बमोजिम यस कार्यालयको मिति ......... .. को निर्णय अनुसार बढुवा भएको मितिदेखि ज्येष्ठता कायम हुने गरी तपाईलाई देहाय बमोजिमको तहमा बढुवा नियुक्ति गरिएको छ ।

***“बढुवा हुनुभएकोमा हार्दिक बधाई छ” ।***

तपशिलः

| हालको तह र कार्यालय | बढुवा गरिएको तह र कार्यालय |
|---|---|
| तहः<br>सेवाः<br>समुहः<br>कार्यालयः | तहः<br>सेवाः<br>समुहः<br>कार्यालयः |

श्री

पुतलीबजार नगरकार्यपालिकाको कार्यालय, स्याङ्जा

पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

श्री संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौ ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।

श्री कर्मचारी सञ्चय कोष, पोखरा

श्री नागरिक लगानी कोष, पोखरा

श्री आर्थिक प्रशासन शाखा, पुतलीबजार नगरकार्यपालिकाको कार्यालय